# संघीय संसद

# राष्ट्रिय सभा

## पाँचौं अधिवेशन

## बैठक - १०

# सूचना पत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ माघ ६ गते सोमबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **दशौं बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विषय **समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. हरिचरण शिवाकोटी**ले अरबौं खर्च गरेर भवन बनाउने तर कलेजहरूले समयमा नै सम्बन्धन प्राप्त गर्न नसकेकाले नेपाली विद्यार्थीले स्वदेशमा पढ्न नपाई भारत, चीन, बंगलादेश लगायतका देशमा मेडिकल पढ्न जानुपर्ने बाध्यता रहेकोतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रकाश पन्थ**ले धार्मिक क्षेत्रले मुलुकलाई विभिन्न आयामबाट लाभ हुने बताउनु हुँदै वेदव्यासको जन्मभूमि तनहुँ जिल्ला धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेकोले यस क्षेत्रको थप विकासका लागि तीनै तहका सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

**मा. रामलखन चमार**ले नेपाल भ्रमण वर्षको घोषणाले नवलपरासीका जनतामा खुसी थपेको र उक्त क्षेत्रमा धार्मिक पर्यटन भित्र्याउन ट्रली बस (विद्युतीय बस) सञ्चालन गर्नुपर्ने माग गरेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रमेश प्रसाद यादव**ले तराई क्षेत्रमा ऐलानी जग्गामा बीस वर्ष वा सोभन्दा बढी बसोबास गरेका नेपाली नागरिकलाई विस्थापन गर्दा मुआब्जा दिने कार्य राम्रो भएको बताउनु हुँदै बारा जिल्लामा बन्न लागेको सडक क्षेत्रमा परेका जनताको जग्गाको समेत मुआब्जा दिन सरकार समक्ष माग गर्नुभयो ।

**मा. नन्दा चपाई**ले रुग्ण उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन गर्दै ती उद्योगका मजदुरहरूको व्यवस्थापन गर्नुपर्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै कर्णाली प्रदेशले गरेका उदाहरणीय कार्यहरूको अन्य प्रदेशले समेत अनुसरण गर्नुपर्ने बताउनुभयो ।

**मा. तारादेवी भट्ट**ले सरकारले संघीयता कार्यान्वयनमा तदारूकता नदेखाएको र तीन तहका सरकारबीच तादात्म्यता मिलाउन नसकेको आरोप लगाउनु हुँदै दिगो विकासका लक्ष्यहरू पूरा गर्न सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

**मा. नैनकला ओझा**ले महाशिवरात्रिमा केही निर्वस्त्र मानिसहरूको प्रवेशले समाजमा गतिलो सन्देश नदिने भएकोले त्यस्ता व्यक्तिहरूलाई पशुपति क्षेत्रमा प्रवेशका लागि रोक लगाउनु पर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५” माथि छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिम माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. रामनारायण विडारी २. मा. जितेन्द्रनारायण देव ३. मा. डा विमला राई पौड्याल

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २४ सम्म उल्लिखित संशोधनहरूलाई “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको २ देखि ३१ सम्मका दफालाई “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

“**प्रस्तावना** : मुलुकले अङ्गीकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ ।”

तत्पश्चात् सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम “संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विधेयक, २०७६ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई “संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) विधेयक, २०७६ लाई पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावालाई निर्णयार्थ प्रस्तुत प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल माघ १४ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी दिनको २:०० बजे स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव